नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन नं. ०१५३६५९०८

बबरमहल,
काठमाडौं, नेपाल।

## काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी भएको सूचना

हिन्दु नारीहरुको महान चाड हरितालिका (तीज) पर्व, २०८१ लाई मर्यादित, व्यवस्थित र सुरक्षित रुपमा सम्पन्न गर्न भगवान श्री पशुपतिनाथ विराजित पावन पाशुपत क्षेत्र भित्रको सुरक्षा लगायत धार्मिक एवं साँस्कृतिक मर्यादा तथा पवित्रता कायम राख्ने उद्देश्य समेतलाई मध्यनजर गरी यही मिति २०८१/०५/२० गतेदेखि ऐ.२२ गतेसम्मका लागि देहायका चार किल्ला भित्र कसैले पनि मासु, मदिरा तथा नशालु पदार्थहरु उत्पादन, वेचविखन, ओसारपसार, भण्डारण र सेवन गर्न समेत नपाउने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) बमोजिम पूर्ण रुपमा रोक लगाइएको छ। कोही कसैले यो सूचनाको बर्खिलाप गरी कुनै काम गरेमा प्रचलित कानून बमोजिम कारवाही भईजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

देहायः

- गौशाला मित्रपार्क सडकदेखि पूर्व, पशुपति क्षेत्रको पूर्व सिमानादेखि पश्चिम, गौशाला तिलगङ्गा चक्रपथदेखि उत्तर, मित्रपार्क-उमाकुण्ड-गौरीघाट हुँदै गुह्येश्वरीदेखि दक्षिण भित्रका सबै भाग।

मितिः२०८१/०५/१९
ने.सं.११४४ जंलाथ्व १, बुधवार

(जितेन्द्र बस्नेत)
प्रमुख जिल्ला अधिकारी